लुम्बिनी प्रदेश सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), दाङ, नेपाल

प.सं :- २०७८/७९ मिति : २०७९।०९।२५

च.नं :-

**बिषय: विज्ञान शिक्षा विकासका लागि पूर्वाधार सहयोग कार्यक्रमका लागि प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना**

यस निर्देशनालयको आ.व. २०७९।८० को बार्षिक कार्यक्रम अनुसार यस प्रदेशभित्र सञ्चालित "ठूला विद्यालयहरुमा विज्ञान शिक्षा विकासका लागि पूर्वाधार सहयोग कार्यक्रम" (विशेष अनुदान) रहेकाले संघीय सरकारबाट नमुना विद्यालयको रुपमा छनौट भएका बाहेक हाल कक्षा ११ र १२ मा विज्ञान विषय सञ्चालन गरिरहेका वा निकट भविष्यमा विज्ञान विषय सञ्चालन गर्न सक्ने विद्यालयहरुले कार्यक्रमको बिस्तृत बिवरण र कार्यान्वयन योजना निर्माण गरि ब्यवस्थापन समितिको निर्णय सहित तपशीलको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सम्बन्धित सामाजिक विकास डिबिजन कार्यालयमा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशिन गरिएको छ। म्याद नाघि आएका प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत अनुरोध छ।

**प्रस्तावनाको ढाँचा**

१. विद्यालयको सङ्क्षिप्त चिनारी
२. विद्यालयको भौतिक अवस्था
   क) क्षेत्रफल, भवन, कक्षाकोठा र फर्निचर समेत
   ख) खेल मैदान
   ग) कम्पाउन्डवाल
   घ) खानेपानी
   ङ) शौचालय: छात्र/ छात्रा/स्टाफ
   च) विज्ञान प्रयोगशाला
   छ) ICT प्रयोगशाला
   ज) अन्य
३. विद्यालय ब्यवस्थापन समिति, शिक्षक, अभिभावक संघ तथा विद्यालयमा गठन गरिएका अन्य समितिहरु सम्बन्धी बिस्तृत बिवरण
४. विद्यार्थी संख्या: कक्षागत छात्र/छात्रा/दलित/जनजाति/अल्पसंख्यक/लोपोन्मुख सबै बिवरण पेश गर्ने
५. शिक्षक बिवरण: तहगत, स्वीकृत दरवन्दी, राहत, निजी स्रोत सबैको शैक्षिक योग्यता सहितको बिवरण पेश गर्ने
६. विज्ञान विषय सञ्चालन भएको भए त्यस तर्फको बिवरण
   क) कक्षा सञ्चालन अनुमति सम्बन्धी बिवरण : हरेक कक्षाको अनुमति दिने निकाय (अनुमति पत्रको प्रतिलिपि समेत संलग्न गर्नु पर्ने छ)
   ख) विज्ञान विषयको शिक्षक बिवरण : योग्यता र अनुभवसहित
   ग) विद्यार्थी बिवरण: विज्ञान विषयको कक्षागत, लिङ्गगत, जातिगत
   घ) हाल सम्मको नतिजा विश्लेषण: विज्ञान तर्फको मात्र
   ङ) प्रयोगशालाको अवस्था: नेपाल सरकार लगायत विभिन्न निकायबाट प्रयोगशाला ब्यबस्थापनका लागि उपलब्ध गराइएको रकम, उक्त रकम कुन-कुन प्रयोजनमा खर्च गरियो सो सम्बन्धी सम्पूर्ण बिवरण (सम्बन्धित शिक्षक बाट तयार गरि प्रधानाध्यापकबाट प्रमाणित गरि संलग्न गर्नु पर्नेछ)
७. प्राबिधिक धार सञ्चालित भए त्यस तर्फको बिवरण
   क) कक्षा सञ्चालन अनुमति सम्बन्धी बिवरण: हरेक कक्षाको अनुमति दिने निकाय (अनुमति पत्रको प्रतिलिपि समेत संलग्न गर्नु पर्ने छ)

ख) प्राविधिक धारको किसिम, समयावधि

ग) प्राविधिक धारको शिक्षक बिवरण: योग्यता र अनुभव सहित

घ) विद्यार्थी बिवरण: प्राविधिक धारको मात्र, कक्षागत, लिङ्गगत, जातिगत

ङ) हाल सम्मको नतिजा विश्लेषण: प्राविधिक धारको मात्र

८. प्रदेश सरकारबाट हालसम्म अनुदान उपलब्ध गराइएको भए निम्न ढाँचामा प्रगति उल्लेख गर्ने

| **कार्यक्रमको नाम** | **उपलब्ध गराइएको रकम** | **सम्पन्न गरेको काम** | **प्रतिफल** |
|---|---|---|---|
| कक्षा कोठा निर्माण | | | |
| प्राबिधिक तथा बहु प्राबिधिक शिक्षालयलाइ अनुदान | | | |
| कम्पाउन्ड वाल | | | |
| शौचालय | | | |
| प्रयोगशाला | | | |
| अरु केही भए उल्लेख गर्ने | | | |
| | | | |

९. प्रस्तावनाको उद्देश्य

१०. प्रस्तावित कार्यक्रम

११. कार्य योजना प्रतिफल सूचक सहित

१०. अनुमानित लागत

११. स्रोत ब्यवस्थापन

१२. अपेक्षित नतिजा

१३. जोखिम

१४. निष्कर्ष

**प्रस्ताव सहित संलग्न गर्नु पर्ने कागजातहरु**

क) विद्यालय ब्यबस्थापन समिति गठन भएको आधिकारिक निर्णय प्रति

ख) कार्यक्रम माग सम्बन्धमा वि.ब्य.स. को निर्णय प्रति

ग) गत आ.व. को लेखा परीक्षण र समाजिक परीक्षणको प्रतिवेदन

घ) २०७९ सालको एकीकृत शैक्षिक तथ्याङ्कको प्रमाणित विद्यार्थी बिवरण

यम बहादुर के.सी.
नि. निर्देशक
**नि. निर्देशक**

**बोधार्थ**

**श्री शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), दाङ** उल्लेखित सूचना त्यहाँको वेब साइटमा समेत प्रकाशन गरिदिनु अनुरोध छ।

**श्री सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही/कपिलवस्तु/पाल्पा/प्युठान/दाङ/बाँके** : उल्लेखित सूचना तहाँको वेब साइटमा समेत प्रकाशन गर्नुका साथै बिधिबत रुपमा प्राप्त हुन आएका प्रस्ताव दर्ता गरि राख्नु हुन।